निर्णयहरु :

१. मर्स्याङ्दी गाउँपालिका,वडा नं. १ र ९ मा कार्यालय सहयोगीको दरवन्दी रिक्त रहेकोमा नियमानुसार सूचना प्रकाशन गरी प्रतिस्पर्धाका आधारमा करारमा नियुक्ति गर्ने निर्णय गरियो ।

२. मर्स्याङ्दी गाउँपालिका वडा नं. ३ मा रहेको खुदी स्वास्थ्य चौकी र मर्स्याङ्दी गाउँपालिका वडा नं. ५ मा रहेको घेर्मु स्वास्थ्य चौकीको ल्यावमा काम गर्ने गरि र सम्बन्धित वडाको स्वीकृत कार्यक्रमबाट तलव भत्ता भुक्तानी हुने गरि सूचना प्रकाशन गरी प्रतिस्पर्धाका आधारमा करारमा नियुक्ति गर्ने निर्णय गरियो ।

३. मर्स्याङ्दी गाउँपालिका वडा नं. ४ मा रहेको ताघ्रिङ् स्वास्थ्य चौकीमा प्रसुती सेवा सञ्चालन गर्न ,स्वास्थ्य तर्फको सशर्त अनुदानमा प्राप्त वजेटबाट तलव भत्ता भुक्तानी हुने गरि २४ सै घण्टा प्रसुती सेवा सञ्चालन गर्ने काम गर्न सूचना प्रकाशन गरी प्रतिस्पर्धाका आधारमा करारमा अ.न.मी नियुक्ति गर्ने निर्णय गरियो ।

४. मर्स्याङ्दी गाउँपालिकाको गाउँसभाले व्याकुलोडर खरिद र ट्र्याक्टर खरिद का लागि वजेट विनियोजन गरेकोमा टेण्डर तथा प्रचलित आर्थिक ऐन, नियम अनुसार खरिद गर्ने निर्णय गरियो ।

५.गाउँपालिकाको लागि थप भवन निर्माण गर्न जग्गाको कमी भएको र जग्गा खरिदका लागि आ.व. २०७४/७५ मा वजेट विनियोजन गरिएको र खरिद प्रक्रियाको शुरुवात मिति २०७५/०२/१३ को लमजुङ् दर्पण राष्ट्रिय दैनिकमा सूचना प्रकाशन गरी निःशुल्क रुपमा जग्गा दान गर्न आव्हान गरिएकोमा कुनै पनि व्यक्ति वा संस्थाले निःशुल्क रुपमा जग्गा दान गर्न ईच्छुक नभएको र गत आ.व. को अन्त्यमा अन्य विविध कामले गर्दा थप प्रक्रिया अगाडी बढाउन नसकिएको र आ.व. २०७५/७६ को गाउँसभाले पनि जग्गा प्राप्ति शिर्षकमा रु ४३,८०,०००।०० वजेट विनियोजन गरेकोमा जग्गा प्राप्ति गर्ने प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

६. राज्य पूर्नसंरचना आयोगको सिफारिसमा यस मर्स्याङ्दी गाउँपालिकाको केन्द्र हालको वडा नं. ८ तथा साविकको भुलभुले गा.वि.स. मा तोकिएकोमा यस केन्द्रको विषयमा कुनै विवाद नरहेको भनी सर्वसम्मतले निर्णय गरियो ।

७. यस मर्स्याङ्दी गाउँपालिकाको मिति २०७५/०४/३१ मा वसेको गाउँसभाले गाउँपालिकामा सञ्चालित विकास आयोजनाहरुको कन्टेन्जेन्सी रकमबाट भुक्तानी हुने गरी योजना सहायक १ जना र सूचना प्रविधि अधिकृत १ जनाको दरवन्दी कायम गरिएकोमा र विगतमा कम्प्युटर अपरेटर पदमा कार्यरत यस कार्यालयका कर्मचारी शैलेन्द्र घिमिरेलाई योजना सहायकको जिम्मेवारी दिई निज लाई मासीक रु ~~२०,०००।००~~ २२,९६०।- पारिश्रमिक प्रदान गर्ने निर्णय गरियो । साथै सूचना प्रविधि अधिकृतको पारिश्रमिक विगतमा एल.जि.सि.डि.पि. बाट व्यवस्था हुने गरेको र २५ प्रतिशत रकम स्थानीय तहले व्यहोर्नु पर्ने आशयको पत्र प्राप्त भएकोले नेपाल सरकारको अधिकृत तहको तलव स्केल रु ३०,५००।०० को २५ प्रतिशत पारिश्रमिक स्थानीय तहले व्यहोर्ने र यदि अन्य कुनै स्रोतबाट थप वजेट नआएमा पनि रु ३०,५००।०० मासीक पारिश्रमिक स्थानीय तहबाट नै प्रदान गर्ने निर्णय गरियो ।

८. जिल्ला समन्वय समिति, लमजुङ्बाट खटिई आएका कर्मचारी लिल बहादुर रिमाल लाई राजश्व शाखाको जिम्मेवारी दिने निर्णय गरियो र निजलाई अन्य सेवा शुल्कमा विनियोजित वजेटबाट पारिश्रमिक भुक्तानी गर्ने निर्णय गरियो ।

९. यस गाउँपालिकाको सूचना अधिकारीको रुपमा सूचना प्रविधि अधिकृत भरतराज बास्तोला लाई यस अघि नै तोकिएकोमा निज लाई नै सूचना अधिकारीको जिम्मेवारी निरन्तरता दिने निर्णय गरियो ।

१०. यस गाउँपालिकाका विभिन्न वडाहरुमा कार्यरत कार्यालय सहयोगीको तलवमा एकरुपता नभएकोमा वडा नं. ३,५,६ र ८ मा कार्यरत कार्यालय सहयोगीले कार्यालय सहायकको समेत कार्य गर्ने हुँदा निजहरुलाई मासीक रु १५,०००।०० र अन्य वडामा कार्यरत कार्यालय सहयोगी सवैलाई मासीक रु १२,०००।०० पारिश्रमिक प्रदान गर्ने निर्णय गरियो ।

११.कार्यपालिका सदस्यलाई मासिक यातायात खर्च २०७५ श्रावण बाट लागु हुने गरि मासिक रु १,०००।०० प्रदान गर्ने निर्णय गरियो । साथै सञ्चार सुविधा २०७५ श्रावण बाट लागु हुने गरि प्रदेश कानुन बमोजिम प्रदान गर्ने निर्णय गरियो ।

१२. गाउँपालिकाका वडा कार्यालयहरुमा मासिक रु ८,०००।०० का दरले विविध खर्च उपलब्ध गराउँदै आएकोमा २०७५ श्रावण बाट उक्त विविध खर्च रु १०,०००।०० गर्ने निर्णय गरियो ।

१३.मर्स्याङ्दी गाउँकार्यपालिकाको बैठक भत्ता मिति २०७५/०४/०१ गतेबाट लागु हुने गरि रु १५००।०० गर्ने निर्णय गरियो ।

१४. मर्स्याङ्दी गाउँपालिकामा कार्यरत कर्मचारीको मासिक मिटिङ्को बैठक भत्ता रु १,०००।०० गर्ने निर्णय गरियो । साथै यो निर्णय मिति २०७५/०४/०७ बाट लागु हुनेछ र मासिक एउटा मात्र मिटिङ्को लागि भत्ता प्रदान गर्ने निर्णय गरियो ।

१५. प्राविधिक शाखा तर्फका कर्मचारीलाई निम्न बमोजिम फिल्डमा खटाउने निर्णय गरियो ।

विजय गुरुङ्- वडा नं. १ र ९ हेर्ने गरी वडा नं. ९ मा राख्ने

विष्णु तामाङ्-वडा नं. ४ र ५ हेर्ने गरी वडा नं. ५ मा राख्ने

उमेश घले- वडा नं. २ र ३ हेर्ने गरी गाउँपालिकामा राख्ने

पासाङ् जिरेल- वडा नं. ६ र ७ हेर्ने गरी गाउँपालिकामा राख्ने

दिपेश वस्नेत- वडा नं. ८ र सव-ईन्जीनियरहरुको कामको अनुगमन गर्ने गरि गाउँपालिकामा राख्ने

१६. मर्स्याङ्दी गाउँपालिका कर्मचारी प्रोत्साहन भत्ता तथा फिल्ड भत्ता सम्बन्धि कार्यविधि, २०७५ सर्वसम्मतले पारीत गर्ने निर्णय गरियो ।

१७. यस गाउँपालिकामा उपभोक्ता समितिवाट काम गराउँदा निम्नानुसारको कार्य तालिका अनुसार गर्ने निर्णय गरियो ।

- उपभोक्ता समिति गठन २०७५ भाद्र २१ सम्म गरि सक्ने
- उपभोक्ता समितिहरुको तालिम २०७५ आश्विन १५ सम्म गरि सक्ने
- आयोजनाहरुको सम्झौता माघ मसान्त सम्म गरि सक्ने
- आयोजनाहरुको कार्य सम्पन्न वैशाख मसान्त सम्म गरि सक्ने
- आयोजनाहरुको मूल्याङ्कन, अनुगमन र फरफारक जेष्ठ १५ सम्म गरि सक्ने
- आयोजनाहरुको भुक्तानी जेष्ठ मसान्त सम्म गरि सक्ने

१८. यस गाउँपालिकाका लागि नेपाल सरकारद्धारा २०७४/१२/१४ मा स्वीकृत अन्तरिम दरवन्दीमा विकल्प सहित दरवन्दी स्वीकृत भएकोमा यस गाउँपालिकाका लागि निम्नानुसारको दरवन्दी राख्नुपर्ने भनी निर्णय गरियो ।

| | |
|---|---|
| १. प्रमुख प्रशासकीय अधिकृत ( रा.प. तृतिय, प्रशासन ) | १ जना |
| २. शाखा अधिकृत ( रा.प.तृतिय, शिक्षा ) | १ जना |
| ३. ईन्जिनियर ( रा.प.तृतिय, सिभिल,जनरल ) | १ जना |
| ४. नायव सुब्बा ( रा.प.अन.प्रथम, प्रशासन ) | ६ जना |
| ५. नायव सुब्बा ( रा.प.अन. प्रथम, न्याय ) | १ जना |
| ६. प्रा.स/नायव सुब्बा ( रा.प.अन. प्रथम, शिक्षा ) | १ जना |
| ७. म.वि.नि./स.म.वि.नि (रा.प.अन.प्रथम वा रा.प.अन.द्वि.) | १ जना |
| ८. लेखापाल ( रा.प.अन.प्रथम ) | १ जना |
| ९. आन्तरिक लेखा परीक्षक ( रा.प.अन. प्रथम ) | १ जना |
| १०. सव ईन्जिनियर (रा.प.अन. प्रथम, सिभिल, जनरल ) | १ जना |
| ११. सव ईन्जिनियर (रा.प.अन. प्रथम, सिभिल, आर्किटेक्ट ) | १ जना |
| १२. सह लेखापाल ( रा.प.अन.द्वितिय ) | १ जना |
| **जम्मा** | **१७ जना** |

१९. यस मर्स्याङ्दी गाउँपालिका २५ हजार सम्म जनसंख्या भएको गाउँपालिका रहेको र नेपाल सरकारको २०७४/१२/१४ मा स्वीकृत अन्तरिम दरवन्दीमा स्वास्थ्य, पशु , कृषिको दरवन्दी नरहेको र यस गाउँपालिका ५९७.२५ वर्ग कि.मि. क्षेत्रफलमा फैलिएको साथै कृषि तथा पशु को राम्रो सम्भावना रहेको स्थानीय तह भएकोले नेपाल सरकारद्धारा स्वीकृत अन्तरिम दरवन्दी संरचनामा निम्नानुसारका दरवन्दी थपका लागि प्रस्ताव गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| १. स्वास्थ्य शाखा प्रमुख ( पाँचौ तथा छैटौं तह ) | १ जना |
| २. कृषि शाखा प्रमुख ( रा.प.तृतिय, कृषि ) | १ जना |
| ३. पशु शाखा प्रमुख ( रा.प.तृतिय,भेटेनेरी ) | १ जना |

२०. यस गाउँपालिकाका गाउँकार्यपालिकाका सदस्यहरुलाई यहि मिति २०७५/०४/१७ देखी २०७५/०४/२६ सम्म कम्प्युटर तालिम सञ्चालन गर्ने निर्णय गरियो । साथै उक्त तालिम हिमचुली बोडिङ् स्कूलको कम्प्युटर ल्यावमा सञ्चालन गर्ने निर्णय गरियो ।

२१. यस गाउँपालिकामा आ.व. २०७४/७५ मा करारमा नियुक्ति गरिएका हालसम्म कार्यरत कर्मचारीको करार अवधी २०७५ श्रावण १ गतेबाट लागु हुने गरि २०७६ आषाढ मसान्त सम्मका लागि थप गर्ने निर्णय गरियो ।

निर्णय अनुसार प्रमाणित ।

२०७५/०५/०६